# नेपाल विद्युत प्राधिकरण

## प्रधान कार्यालय, काठमाडौं

## आन्तरिक प्रतियोगितात्मक परीक्षाको लागि आवेदन फाराम भर्ने सूचना

नेपाल विद्युत प्राधिकरणका देहायका पदहरु **लोक सेवा आयोगबाट** लिईने आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाद्वारा पदपूर्ति गर्नु पर्ने भएकोले दरखास्त दिने अन्तिम मिति सम्ममा आवेदन दिने पद भन्दा एक तह मुनिको आफू बहाल रहेको सम्बन्धित सेवा/समूह/उपसमूह अन्तर्गतका पदमा कर्मचारी सेवा, शर्त, विनियमावली, २०७५ (संशोधन सहित) मा तोकिए अनुसारको सेवा अवधि पूरा गरेका र न्यूनतम शैक्षिक योग्यता पुगेका उमेदवारहरुबाट यो सूचना प्रकाशित भएको मितिले **२१ दिनभित्र** नेपाल विद्युत प्राधिकरणको वेभसाइट www.nea.org.np मा गई Online application मार्फत् प्राप्त हुने गरी रित पूर्वकको दरखास्त आव्हान गरिन्छ । तोकिए बमोजिमको रित नपुगी प्राप्त भएको दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

| बढुवा सूचना नं. २०७९/८० | पद | तह | सेवा | समूह | उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|---|
| प्रा.१०/आ.प्र.१ | प्रबन्धक | १० | प्राविधिक | इलेक्ट्रिकल | – | १ |
| प्रा.१०/आ.प्र.२ | प्रबन्धक | १० | प्राविधिक | मेकानिकल | – | १ |
| प्रा.९/आ.प्र.३ | उप-प्रबन्धक | ९ | प्राविधिक | इलेक्ट्रिकल | इलेक्ट्रिकल | १ |
| प्रा.९/आ.प्र.४ | उप-प्रबन्धक | ९ | प्राविधिक | मेकानिकल | – | १ |
| प्रा.९/आ.प्र.५ | उप-प्रबन्धक | ९ | प्राविधिक | सिभिल | सिभिल | १ |
| प्रा.९/आ.प्र.६ | उप-प्रबन्धक | ९ | प्राविधिक | सिभिल | सर्भे | १ |
| प्र.८/आ.प्र.७ | सहायक निर्देशक | ८ | प्रशासन | लेखा | – | १ |
| प्रा.८/आ.प्र.८ | सहायक प्रबन्धक | ८ | प्राविधिक | इलेक्ट्रिकल | इलेक्ट्रिकल | २ |
| प्रा.८/आ.प्र.९ | सहायक प्रबन्धक | ८ | प्राविधिक | सिभिल | सिभिल | १ |
| प्र.७/आ.प्र.१० | प्रशासकीय अधिकृत | ७ | प्रशासन | प्रशासन | प्रशासन | १ |
| प्र.७/आ.प्र.११ | लेखा अधिकृत | ७ | प्रशासन | लेखा | – | १ |
| प्रा.७/आ.प्र.१२ | इन्जिनियर | ७ | प्राविधिक | इलेक्ट्रिकल | इलेक्ट्रिकल | २ |
| प्रा.७/आ.प्र.१३ | इन्जिनियर | ७ | प्राविधिक | मेकानिकल | – | १ |
| प्रा.७/आ.प्र.१४ | इन्जिनियर | ७ | प्राविधिक | सिभिल | सिभिल | १ |
| प्र.६/आ.प्र.१५ | सहायक प्रशासकीय अधिकृत | ६ | प्रशासन | प्रशासन | प्रशासन | ६ |
| प्र.६/आ.प्र.१६ | सहायक लेखा अधिकृत | ६ | प्रशासन | लेखा | – | ३ |
| प्रा.६/आ.प्र.१७ | सहायक इन्जिनियर | ६ | प्राविधिक | इलेक्ट्रिकल | इलेक्ट्रिकल | ४ |
| प्रा.६/आ.प्र.१८ | सहायक इन्जिनियर | ६ | प्राविधिक | मेकानिकल | – | १ |
| प्रा.६/आ.प्र.१९ | सहायक इन्जिनियर | ६ | प्राविधिक | सिभिल | सिभिल | १ |
| प्र.५/आ.प्र.२० | मिटररिडिङ्ग सुपरभाईजर | ५ | प्रशासन | प्रशासन | प्रशासन | ६ |
| प्र.५/आ.प्र.२१ | लेखापाल/स्टोरकिपर | ५ | प्रशासन | लेखा | – | ५ |
| प्रा.५/आ.प्र.२२ | सुपरभाईजर | ५ | प्राविधिक | इलेक्ट्रिकल | इलेक्ट्रिकल | १० |
| प्रा.५/आ.प्र.२३ | सुपरभाईजर | ५ | प्राविधिक | मेकानिकल | – | २ |
| प्रा.५/आ.प्र.२४ | सिनियर हेभी इक्विपमेन्ट अपरेटर | ५ | प्राविधिक | विविध | सवारी चालक | १ |
| प्र.३/आ.प्र.२५ | मिटर रिडर | ३ | प्रशासन | प्रशासन | प्रशासन | ४२ |
| प्रा.३/आ.प्र.२६ | ईलेक्ट्रिसियन | ३ | प्राविधिक | इलेक्ट्रिकल | इलेक्ट्रिकल | १३ |
| प्रा.३/आ.प्र.२७ | जुनियर मिस्त्री | ३ | प्राविधिक | मेकानिकल | – | १ |

१. उपर्युक्त सूचनाको विस्तृत विवरण तथा विद्युतीय प्रणाली मार्फत् दरखास्त बुझाउने प्रक्रियाहरु नेपाल विद्युत प्राधिकरण, प्रधान कार्यालयको सूचना पाटीमा र वेभसाइट www.nea.org.np मा हेर्न सकिने छ ।

२. **परीक्षा दस्तुर** :- तह ३ को लागि रु.६००/-, तह ५ को लागि रू.८००/-, तह ६ को लागि रू.१०००/-, तह ७ को लागि रू.१२००/-, तह ८ को लागि रू.१४००/-, तह ९ को लागि रू.१६००/-र तह १० को लागि रू.२०००/-लाग्नेछ । दरखास्त फाराम भरिसकेपछि Payment tab मा गई तोकिएको Payment mode हरु मध्ये कुनै एकबाट उल्लेखित दस्तुर भुक्तानी गर्न सकिनेछ।

३. आन्तरिक प्रतियोगिताको आवेदन गर्दा समूह/उमसमूह परिवर्तन हुने भएमा जुन पदमा आवेदन गर्ने हो सो पदको लागि खुला प्रतियोगिता सरहको शैक्षिक योग्यता आवश्यक पर्नेछ ।

४. आन्तरिक प्रतियोगिताको पाठ्यक्रम प्राधिकरणको वेभसाइट www.nea.org.np बाट प्राप्त गर्न सकिनेछ ।

५. लिखित परीक्षाको लागि सम्पर्क मितिः २०७९।०९।०३ गते ।

६. सूचना प्रकाशित भएको मितिले २१औं दिन अर्थात् मिति २०७९।०६।२० गते रातको १२:०० बजेसम्म दरखास्त पेश गर्न सकिनेछ । सो दिन सार्वजनिक विदा पर्न गएमा पनि दरखास्त पेश गर्ने समयावधि थप हुने छैन ।

७. उमेदवारले पेश गर्नुपर्ने आवश्यक सबै कागजातहरु स्पष्ट, द्धिविधारहित र छानविन गर्न सकिने हुनुपर्नेछ ।

***मिति २०७१/०३/३२ भन्दा अघि प्राधिकरणको सेवामा प्रवेश गरेका प्राविधिक कर्मचारीको हकमा तह २ र ३ का लागि ५ कक्षा वा सिटिभिटीबाट तह १ को सीप परीक्षण, तह ४ को लागि ८ कक्षा वा सिटिभिटीबाट तह १ को सीप परीक्षण (सवारी चालकको हकमा ५ कक्षा उत्तीर्ण र भारी सवारी चालकको लाइसेन्स प्राप्त), तह ५ को लागि १० कक्षा वा सिटिभिटीबाट तह २ को सीप परीक्षण( सवारी चालकको हकमा ५ कक्षा उत्तीर्ण र भारी उपकरणको लाइसेन्स प्राप्त) र तह ६ को लागि प्रवेशिका परीक्षा वा सिटिभिटीबाट तह ३ को सीप परीक्षण उत्तीर्ण भएमा बढुवाको लागि योग्यता पुगेको मानिनेछ ।***

**परीक्षा दस्तुर बुझाउने तरिका :**

उमेदवारले सम्पूर्ण विवरण भरी सकेपछि शुल्क भुक्तानी Tab मा Click गर्नुपर्नेछ । शुल्क भुक्तानीमा Click गरेपश्चात् आफुले आवेदन गर्न चाहेको पदमा Tick(√) लगाई Payment Tab मा देखिने Payment Wallet हरु मध्ये कुनै एक भुक्तानी सेवा प्रदायकबाट तोकिए बमोजिमको परीक्षा दस्तुर बुझाउन सक्नेछन् ।

साथै, प्राधिकरणको वेभसाइट www.nea.org.np बाट Login गरी Online application भर्न कठिनाई पर्न गएमा उमेद्‌वारहरुले तपशिल बमोजिमको Link को प्रयोग गरी सोझै अनलाइन फाराम भर्न सक्नेछन् ।

**बढुवातर्फको विज्ञापनका लागि : https://neapromotion.rigoerp.com**

**पुनश्चः** प्राधिकरणबाट मिति २०७८।०५।१८ मा प्रकाशित आन्तरिक/ज्येष्ठता तथा कार्यसम्पादन मुल्याङ्कन बढुवा/कार्यक्षमता मुल्याङ्कन बढुवातर्फको विज्ञापनमा अनलाइन प्रणालीमार्फत् दरखास्त दिने उमेद्‌वारहरुले समेत अनिवार्य रुपमा नयाँ User ID बनाई अनलाईन मार्फत् आवेदन दिनुपर्ने छ । अनलाइन दरखास्त प्रणाली सम्बन्धमा थप कुनै जिज्ञासा/समस्या भएमा निम्न नम्बरमा समेत सम्पर्क गर्न सकिनेछ ।

बढुवा सिफारिस महाशाखा : ०१-४१५३०६४, ९८५१२३४२३४ र ९८४१४६५७५९

सदस्य सचिव
पदपूर्ति समिति